Received Date: Jan. 2022 Revised: Feb. 2022 Accepted: Mar. 2022

# प्राज्ञिक लेखनमा विज्ञ समीक्षाको महत्व

**डा. जगतप्रसाद पराजुली**
विभागीय प्रमुख,
इतिहास तथा बौद्ध अध्ययन विभाग,
पाटन संयुक्त क्याम्पस, त्रि.वि
Email: jagatparajuli792015@gmail.com

**लेखसार**

*मानव सभ्यता तथा संस्कृतिको विकास समयानुकूल आवश्यकता परिपूर्ति गर्न गरिएको लामो सङ्घर्षको परिणति थियो । यो तत्कालिन समय सापेक्षित आवश्यकता तथा अनिवार्यताको पूर्णताका लागि रचयित मानवीय कृयाकलापहरूको समसामयिक उपलब्धिहरूको ऐतिहासिक फेहरिस्त पनि हो किनकी प्रत्येक कालखण्डमा अपरिहार्य ठानिएका विषय प्रसङ्गमा शोध, खोज र अन्वेषणमा क्रियाशील भएकै कारण नवीन आविष्कारहरू जन्मिए । तिनीहरूले काल क्रमिक प्रगति र त्रिकालदर्शी सचेतना जगायो । फलस्वरूप युगान्तकारी परिवर्तनहरू भए जसले मानव जातिलाई निरन्तर खोजमूलक कार्यमा सक्रियता निर्वाह गर्न उत्प्रेरित गरिरह्यो । परिणामतः परम्परित अन्वेषणात्मक प्रकृयामा व्यवस्थितपन, विधि प्रविधियुक्तता र वैज्ञानिक पद्धतिमा रूपान्तरण भई अनेकानेक सैद्धान्तिक अवधारणाहरू प्रतिपादित हुन पुगे । लगातारको "स्मरणशक्ति"को अभूतपूर्ण उपयोगद्वारा अनुसन्धानात्मक गतिविधिले विद्यमान परिवेश प्राप्त गर्न सक्षम भएको हो ।*

*वास्तवमा समग्र मानव इतिहास शोध, खोज र अन्वेषणबाट प्राप्त दूरगामी परिणाम तथा उपलब्धिहरूको ऐतिहासिक दस्तावेज हो । यो समाज कल्याणको अमोघ साधन र ज्ञान उत्पादन, वृद्धि एवं विस्तारको शक्तिशाली कुञ्जी पनि हो । त्यसैगरी अनुसन्धानात्मक कृयाकलाप बौद्धिक एवं प्राज्ञिक उन्नयनको अविच्छिन्न अभ्यास र साधना पनि हो । यसले परम्परित ज्ञानलाई पुनः परिभाषित गर्दछ । त्यसमा परिवर्तन, सुधार, परिमार्जन र पुष्टिकरण समेत गर्दछ । लगातारिताका साथ ज्ञानको खोजी उत्पादन, ज्ञान वृद्धि विस्तार तथा ज्ञानको भण्डारण गर्न पनि प्राज्ञिक साधना उद्देश्यमूलक गन्तव्य तर्फको यात्रामा अपरिहार्य सावित भएको छ । मानिस विवेकशील सामाजिक प्राणी भएको कारण दैनन्दिन नवीनतातर्फ गतिशील हुनु मौलिक विशिष्टता हो । यसले प्राज्ञिक लेखन अर्थात् बौद्धिक सिर्जनशीलता अभिवृद्धि गर्दछ । त्यसलाई पनि नियमबद्ध, प्रविधिसम्बद्ध, शोधविधियुक्त र वैज्ञानिक पद्धतिअनुरूप सङ्गतिपूर्ण तुल्याउँदै अगाडि बढाउन प्रयत्न भइरहेको हुन्छ । यस्ता प्राज्ञिक कार्यहरू चाहे लघुअनुसन्धान होस् या शोधपत्र, शोधप्रबन्ध होस् या प्राज्ञिक आलेख तथा प्रतिवेदन तयार गर्ने कुनै पनि बौद्धिक कार्य नै किन नहोस्, त्यसलाई व्यवस्थित तथा वैज्ञानिक पद्धतिअनुरूपका अनिवार्य घटकहरूको सुसङ्गतिपूर्ण सुगठन, गहन, गुणस्तरीय र प्रभावकारी अन्वेषणात्मक कार्यको मूलभूत उद्देश्य नै हुन्छ ।*

**शब्दकुञ्जिका**: अन्वेषणात्मक कार्य, त्रिकालदर्शी सचेतना, विधि – प्रविधियुक्तता, अमोघ साधन, शक्तिशाली कुञ्जी र युगान्तकारी रूपान्तरण ।

**सामान्य परिचय**

बौद्धिक सिर्जनशीलता अर्थात् अन्वेषणात्मक प्राज्ञिक लेखन कार्यहरू मापकीय, प्रयोजनीय, सम्परीक्षणयुक्त, वस्तुनिष्ठ तथा सामान्यीकरणका निमित्त उपयोगी मानिन्छन्। उक्त लेखन कार्य उद्देश्यमूलक, परिणाममुखी, निष्कर्षणयुक्त र उपलब्धिपूर्ण गहकिलो कदम हो। गुणस्तरीय प्रभावकारी र प्रकाशनयोग्य सावित भएका प्राज्ञिक आलेखहरू सम्बन्धित सरोकारवाला पक्षसँग अन्तरनिहित हुँदाहुँदै पनि सम्बद्ध समस्याहरूको न्युनीकरण, निवारण र रूपान्तरणमा सहायक सावित हुन पुग्छन्। यसको अर्थ उठान भएका समस्याहरूलाई परिणाममुखी निष्कर्षद्वारा समाधानार्थ दिशानिर्देश गर्न मार्ग प्रशस्त गर्नु यसको उद्देश्यमूलक प्रयोजन हुन्छ (प्लाट्रिज र स्टारफिल्ड, २००६: २४)।

विभिन्न शैक्षिक निकाय, संस्थागत प्रतिष्ठान लगायत पेशागत सङ्घ सङ्गठनहरूले आफ्ना इन्स्टिच्युसनहरूमा देखा परेका समस्याहरूलाई निराकरण गर्न लघु, मध्यम तथा वृहत किसिमका अन्वेषणात्मका परियोजनाहरूमा प्रस्तावना आह्वान गरी ती प्रतिष्ठानहरूमा देखिएका समस्याहरूलाई वैज्ञानिक र व्यवस्थित किसिमले समाधान, निष्कर्षणका निमित्त प्रतिष्पर्धात्मक विज्ञापनको माग गर्दछन् (वल्फ र पन्त, २००३: १७)। त्यसका सहभागीमध्येका योग्य, अब्बल र उत्कृष्ट प्रस्तावनालाई विज्ञसमीक्षित परामर्शबमोजिम स्वीकार गरी सम्बन्धित व्यक्ति, समूह, सङ्घ संस्थालाई निर्धारित समय सीमाभित्र शोधकार्य सम्पन्न गर्न अख्तियारी प्रदान गर्दछन्। प्रस्तावना अनुरूप वा परिमार्जित स्वरूपअनुसार शोधार्थीले अन्वेषणका तौरतरिका, रणनीति, गुरुयोजना, प्रणाली, पद्धति, शोधविधि, तथ्य सङ्कलनका वैधानिक र उपयुक्त ढाँचा, सङ्ग्रहित सूचनामूलक तथ्यहरूको विश्लेषण र सत्यान्वेषण प्रकृया लगायत परिणाम, प्राप्ति र निष्कर्षलाई प्रतिवेदनको रूपमा बुझाउने कार्य सम्पन्न गर्दछन्। प्रस्तुतीकरणमा विज्ञ समीक्षा अर्थात् विशेषज्ञ परामर्श बमोजिम परिष्कार गरी समीक्षा समर्थित प्राज्ञिक प्रतिवेदन बुझाउँछन् (कुमार, २०७५: १९०-९१)। यसरी सबै पक्षबाट सर्वग्राह्य, सर्वश्रेष्ठ तुल्याई बुझाइएको प्राज्ञिक लेखन प्रकृयाले लक्षित उद्देश्य परिपूर्ति भई स्थापित प्रतिष्ठानहरूमा नयाँ गति प्राप्त हुन पुग्दछ।

कुनै पनि प्राज्ञिक लेखनकार्यलाई गुणस्तरीय तुल्याउन प्रभावकारी बनाउन, सर्वस्वीकार्य र सर्वग्राहय गराउन विज्ञ समूहको महत्वपूर्ण योगदान रहन्छ (कौल, १९८४: १२०-२३)। विज्ञ विशेषज्ञहरूको सुझाव, सरसल्लाह र परामर्शविना प्राज्ञिक आलेखले उत्कृष्टता हासिल गर्न सक्दैन किनकी शोधार्थीले प्रबलतम किसिमले अन्वेषण गरेर प्राप्त भएका निष्कर्षण प्रस्तुत गरेको भए पनि त्यसलाई बहुआयामिक बनाउन बहुकोणीय चिन्तनबाट विज्ञसमूहबाट सम्परीक्षण परिशोधन सम्पन्न गरेपछि त्यसले वैद्यता (Validity), विश्वसनीयता (Reliability), भरपर्दोपना (Authenticity), प्रामाणिकता (Credibility), वस्तुनिष्ठता (Objectivity), स्वीकार्यता (Acceptability), साक्ष्य प्रमाणयुक्तता (evedenciality) जस्ता विशेषताहरू परिलक्षित हुन पुग्छन् (इसाक, १९७८: १९९-२००)। यो विशिष्टताहरूको उपस्थितिले प्राज्ञिक आलेखलाई तुलनात्मक रूपमा अब्बल सावित गर्न मद्दत गर्दछन्। तसर्थ प्राज्ञिक आलेखहरू प्रकाशनयोग्य हुन विज्ञ समीक्षा समर्थित भई प्रकाशनार्थ स्वीकृति प्राप्तिको सहज अवस्थामा पुग्दछन्। प्रकाशन कार्य सुसूचनायुक्त सार्वजनिक जानकारीको विषय हो।

**शोधसामग्री/पद्धति**

प्राज्ञिक लेख, रचना, आलेख तथा वृहताकारका अन्वेषणात्मक कार्यहरू व्यवस्थिति र वैज्ञानिक सैद्धान्तिक अवधारणाहरूको चरणवद्ध प्रणालीबाट गतिशील हुन्छन्। शोधविधिका पनि विषय र प्रकृति – प्रवृत्तिका आधारमा अनेक शृंखलाबाट अध्ययन – अनुशीलन गर्न सकिन्छ। प्राज्ञिक लेखहरू साक्ष्य प्रमाणप्रधान हुन्छन्। यसमा मनोनुकूल धारणा, भावना, अनुमान, अतिरञ्जना र कल्पनाको कुनै स्थान हुँदैन। जे लेखिन्छ, प्रस्तुतीकरण गरिन्छ, त्यसलाई वैद्य एवं विश्वसनीय प्रमाणले पुष्टि गर्नु पर्दछ। प्रयुक्त प्रमाणहरूको पनि यथास्थानमा पद्धतिगत प्रकृया र सम्मानका साथ स्थानापन्न (Citation)

गरिएको हुन्छ (भान डेलन र मेयर, १९६६: २९-३१) । माथि उल्लिखित पद्धतिगत अवधारणालाई यस आलेखमा अक्षरशः पालना गरिएको छ ।

केही प्रख्यात इतिहासकार, लेखक, विचारक र सङ्घर्षशील अभियन्ताहरूका अभिव्यक्त विचारहरूलाई मौलिक एवं प्राथमिक स्रोतको रूपमा यथोचित उपयोग गरिएको छ भने केही मतावली (Openionnaire) लाई खण्डन मण्डनद्वारा परिशोधन पश्चात् मात्र ग्रहण गरिएको छ । द्वितीयक अर्थात् सहायक स्रोत तथा सामग्रीहरू जसलाई पुस्तकालयीय सन्दर्भको रूपमा आत्मसात गरिएको हुन्छ, तिनीहरूलाई पनि सत्यान्वेषण गरिसकेपछि मात्र प्राप्त यथार्थपरक सूचनालाई यथास्थानमा प्रयोग गरिएका छन् (योङ्ग, २००९: २१०) । यसरी मौलिक, प्राथमिक तथा सहायक स्रोतहरूको वस्तुनिष्ठ सत्यतथ्यलाई निष्पक्षता झल्किने किसिमले उपयोग गर्न ठोस प्रयत्न गरिएको छ । सूचनाका अवास्तविक, अनुपयुक्त र अप्रयोजनीय प्रसङ्गलाई समालोचनात्मक ढङ्गबाट तुलनात्मक सम्परीक्षण पश्चात् विवाद, संसय र मिथ्याङ्कन प्रविष्ट नहुने गरी प्रयुक्त गरिएका छन् ।

यो आलेख तुलनात्मक विश्लेषणका आधारशीलामा रचना गरिएको हुनाले प्राज्ञिक लेखन र विज्ञ समीक्षाको दुवै प्रसङ्गलाई संयुक्त रूपमा प्रकाश पार्दै लेखनकार्यमा गुणस्तरीयता ग्रहण गर्ने क्रममा अन्तरसम्बन्धित तथा अन्योन्याश्रित तुल्याएर उत्कृष्टता अभिवृद्धि गर्न सकिने तथ्यलाई छर्लङ्ग पारिएको छ (केर्लिङ्गर, १९९५: ४५७) । साथै लेखनशिल्पता, लेखकीय क्षमता, वर्ण, शब्द, वाक्य सङ्गति, शीर्षक – समस्यादेखि निष्कर्षणसम्मका अनुच्छेदलेखन (Paraphrasing) को अन्तरसम्बन्ध र विषयगत सानिध्यताका कुराहरूलाई समेत अभिवृद्धिको मापकीय बिन्दु मानिन्छ (बेस्ट र कान, १९९३: १३१) । विज्ञ समीक्षा समर्थित रचना सार्वजनिक सम्पत्ति बन्न सक्छ भने असमर्थित लेखको प्रयोजन सङ्कुचनमा पुग्न सक्छ । स्वीकृति र अस्वीकृतिमा जति अन्तर छ उपयोगितामा पनि त्यत्तिकै विभिन्नता हुन्छ । यस किसिमका सन्दर्भहरूलाई स्वदेशी तथा विदेशी विद्वानहरूका उत्कृष्ट र महत्वपूर्ण पुस्तकहरूलाई आधार मानेर त्यसका उपयुक्त स्रोतहरूलाई समुचित उपयोग गर्दै गर्भे टिप्पणी र सन्दर्भग्रन्थ सूचीमा सम्मानित स्थान प्रदान गरी पद्धतिगत ढाँचामा संयोजन गरिएको छ ।

**अध्ययनको महत्त्व**

विद्यमान परिप्रेक्ष्यमा अन्वेषणात्मक गतिविधि वेगवान गतिमा तीब्रताका साथ आत्मसात गरिदै गर्दा गुणस्तरीय, व्यवस्थित, सङ्गठित र वैज्ञानिक पद्धतिको व्यापक अनुशरण भइरहेको प्रसङ्गमा सामाजिक विज्ञानका बहुआयामिक विषय विधाहरू पनि यसको उर्बर क्षेत्रहरू बन्न सफल भएका छन् । विश्वविद्यालयदेखि सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक प्रतिष्ठानहरूमा अनुसन्धान सम्बन्धि साधना तथा अभ्यासहरू प्रचुरमात्रामा हुन थालेका छन् । प्रत्येक विषयलाई गहन, प्रभावकारी, प्रयोजनपरक र मापकीय बनाउन स्तरनिर्धारण तथा गुणवत्ता कायम गर्न पनि अथकित प्रयास भइरहेका छन् (शर्मा र लुइटेल, २०६८: २४-२७) । इतिहास, संस्कृति, पर्यटन, समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, भूगोल, मनोविज्ञान, ग्रामीण विकास लगायतका सबैजसो विषयहरूलाई अब्बल तुल्याई त्यसलाई प्राज्ञिक उन्नयन र आजीविकाको आधारशीला बनउन अनेकौँ कसरतहरू भइरहेका छन् । प्रत्येक विषय विधाको गुणवत्ता र महत्ता कायम गर्न प्राज्ञिक तथा बौद्धिक अभ्यास र साधनाहरू विषयगत विशिष्टीकरणका सर्वग्राह्य अभियानजन्य प्रकृयाहरू हुन् भन्ने यथार्थप्रति सुझबुझ पुर्याएर यी विषयहरू प्राज्ञिक अन्तरक्रिया र बौद्धिक छलफल एवं अन्तर सम्वादका अथकित गहकिला अभ्यासमा परेका छन् (बन्धु, २०५३: ९७) । यसले वाद, विवाद र सम्वादको शृंखलाबद्ध बौद्धिक वहस र विश्लेषणद्वारा निचोड निस्रित गर्ने र ती निष्कर्षणहरूलाई व्यवहारमा अनुशरण, अनुकरण र कार्यान्वयन गर्दै लगिएको वस्तुगत अवस्था पनि छ ।

यस किसिमको विशिष्ट महत्वपूर्ण विषयलाई समयानुकूल, समयसापेक्ष, समयोचित, सार्वभौम, साङ्गठनिक र सान्दर्भिक बनाउँदै लगिएन भने यस्ता विषयले समुदायगत, सामाजिक तथा राष्ट्रिय पहिचान गुमाउँदै जानसक्ने संसय पैदा हुन्छ । माथि उल्लिखित सबै जसो विषयहरू मानवीय कृयाकलाप, योगदान, भूमिका र जीवन सङ्घर्षका त्यागपूर्ण समर्पण एवं

बलिदानीपूर्ण अभियानका उन्नत प्रवृत्तिहरूको वास्तविकता झल्काउने शास्त्रहरू हुन् (निउरे, २०६९: २, ३, ६ र ९) । ती विषयहरूले समाजको विचारको उन्नति र समसामयिक प्रगतिको फेहरिस्त पस्किन्छन् । राष्ट्रनिर्माणको स्वपहिचान बढाउन र स्वत्वको रक्षा गर्न मद्दत पुर्‍याउँछन् । त्यसैले समाजसँग अन्तरसम्बन्धित विषयहरू सभ्यता र संस्कृतिको पहिचान अभिवृद्धि गर्दै राष्ट्रिय गौरवको प्रतिबिम्ब बन्न पुग्दछन् । त्यसैले यस्ता विषयलाई समाजको ऐना, राष्ट्रको दर्पण र मुलुकको 'स्मरणशक्ति'को आधार जस्ता उपमाहरूले सम्बोधन गरिन्छ (सुलैमान, १९९८: ७-१५) ।

माथि उल्लिखित सन्दर्भ, प्रसङ्ग र प्रस्तुतीकृत अभिव्यक्तिको मूल आसय भनेको हरेक विषय विधालाई बौद्धिकतापूर्ण र प्राज्ञिक भावले अभिसिञ्चित गराउने तर्फको यो प्राज्ञस्तरीय अन्तरक्रियात्मक सम्वाद हो । यसलाई गुणात्मक तथा परिमाणात्मक, आगमनात्मक तथा निगमनात्मक जुनसुकै वैद्य प्रणाली र नीतिगत अवधारणात्मक ढाँचा भए पनि गहन, गुणवान, ओजपूर्ण र व्यापक तुल्याउने चिन्तनमा प्राज्ञिक लेखनमा विज्ञ/विशेषज्ञ समीक्षा अपरिहार्य अङ्ग उपअङ्ग सावित भएको छ । प्राज्ञिक लेखनमा देखिएका निम्छरापनहरू, कमीकमजोरी, अधुरा र अपुरा प्रसङ्ग तथा त्रुटीपूर्ण प्रसङ्गलाई सुधार गर्दै प्रचलित प्रतिपादित सिद्धान्तका जगमा खरो उत्रिएर दिज्ज्वग्राह्य बनाउनु आजको अनिवार्यता हो (सेकारेन, १९९२: ५७) । यही सन्दर्भलाई यो आलेखले विज्ञसमीक्षा समर्थित रचनाहरू सार्वजनिक हुने क्रममा प्रत्येक बौद्धिक एवं सामान्य साक्षर व्यक्तिसम्म नै लाभप्रद बन्दै महत्व बढाउने तर्फको यात्रामा नमुना उदाहरण हवन् भन्ने अवधारणा संचित गरिएको हो ।

**प्राज्ञिक लेखन**

प्राज्ञिक लेखन विधि – प्रविधियुक्त व्यवस्थित, सङ्गठित र वैज्ञानिक पद्धतिका आधारमा तयार पारिएको शोधकार्यको निष्कर्षण हो । यो मूलतः अन्वेषणात्मक प्रकृयाद्वारा पाठक, शोधार्थी र प्राज्ञका बीचमा हुने अन्तरक्रियात्मक सम्वाद हो । लेखन सामान्य र विशिष्ट किसिमका हुन्छन् । हुन त सामान्य लेखनले पनि प्राज्ञिक चरित्र सङ्गालेकै हुन्छ र विशिष्ट लेखनमा विश्लेषणात्मक छलफल, बहस र अन्तर क्रियापश्चात् निष्कर्षहरू समेत निस्रित भएका हुन्छन् । केही विद्वान्हरू लेखन कार्यलाई सामान्य र सिर्जनशील रचनातर्फको यात्रा स्वीकार्छन् । यी दुवै लेखन कार्यबाट समाजको यथार्थपूर्ण परिवेशको प्रत्यक्षीकरण गराउने प्रतिबिम्बहरू उठान गर्न गराउन पनि सकिन्छ । सामाजिक अवयवहरूको यथार्थता सार्वजनिक गर्न अनेक विषयगत विधाहरू, सिर्जनात्मक कृति, रचना, आलेखहरू प्रस्तुत गरिएका हुन्छन् । यद्यपि त्यस्ता सिर्जनाहरू विषयनिष्ठप्रधान हुन्छन्, वस्तुनिष्ठप्रधान हुँदैनन् । बौद्धिक लेखन साक्ष्य प्रमाणप्रधान हुन्छन (बेली, २००६: १५३-१५५) । वास्तविक र यथार्थपरक हुन्छन्, यिनीहरूमा कल्पनाशिलताको उडान हुँदैन तर सिर्जनशील लेखनमा विद्वान्हरू आफ्नो लेखकीय साधनामा मन मष्तिष्क तथा अन्तःस्करणद्वारा नै विश्वपरिभ्रमण गर्न सक्छन् । "जहाँ सूर्यको किरण प्रवेश गर्न सक्दैन त्यहाँ कविको कल्पना प्रवेश गरिसक्छ" भन्ने कथन प्रचलित भए जस्तै साहित्य अनुरागीहरू कल्पनाशीलतामा रोचक कृतिहरू सिर्जना गर्न सक्षम हुन्छन् ।

प्राज्ञिक लेख औपचारिक लेखन प्रकृया हो । यसमा "वास्तविक रूपमा के भएको थियो" (What was actually happened) भन्ने सन्दर्भमा प्रत्यक्षीकरण गर्न गराउन खुब प्रयास गरिन्छ । अनौपचारिक लेखनमा साक्ष्य प्रमाणहरूको खास आवश्यकता पर्दैन । त्यसमा अतिरञ्जनात्मक पक्ष र अतिशयोक्तिपूर्ण भावमा अनेक भावभंगीबाट कृतिरचनालाई अविश्वसनीय ढङ्गबाट कर्णप्रिय, श्रुतिमधुर र पठनीय तुल्याइन्छ । यसमा लेखकीयताको प्रमाणीकरण गर्न कुनै ठोस प्रमाणहरूको आवश्यकता पर्दैन (मथुकुट्टी र पावर, २०१०: ६६) । तर प्राज्ञिक लेखनमा प्रमाणहरूले जे बोल्छन्, त्यही सूचनाको जगमा उभिएर तथ्यहरूको उद्घाटन गरिन्छ । विद्वान्, विचारक, दार्शनिक एवं लेखकहरूका आसय, तर्क, विचार, सिद्धान्त र उनीहरूका रचनाहरूलाई आधार मानेर खण्डन – मण्डन, अव्यय – व्यतिरेकी भावबाट वास्तविकता उजागर गरिन्छ । यसमा लेखक वा शोधार्थीको मनोनुकूल आकांक्षा, भावना, अनुमान तथा कल्पनाले कुनै स्थान पाउँदैन (websited-sydney) ।

प्राज्ञिक लेखन अवलोकन, सर्वेक्षण, क्षेत्रकार्य, स्थलगत भ्रमण, तथ्याङ्क सङ्कलन, अन्तर्वार्ता, प्रश्नावली, अनुसूची, मतावली, मौलिक, प्राथमिक तथा सहायक स्रोतहरूका सूचनाहरूको वैद्यतापूर्ण यथार्थ विश्वसनीय सूचनाका स्रोतको आधारबाट उत्पन्न निष्कर्षण मानिन्छ । यसलाई वैज्ञानिक पद्धतिमा निहित भएर सङ्ग्रहित तथ्याङ्कहरूको तालिकीकरण, व्यवस्थापन, विश्लेषण, समालोचनात्मक छलफल, प्राप्ति र परिणामप्रतिको गम्भीर एवं प्रभावकारी वहसबाट प्राप्त निचोडलाई निष्कर्षमा प्रस्तुत गरिन्छ (कुपुरम र कुमुदायिनी, २००२: १२४) । यसलाई प्रमाणीकरण गर्ने, सम्परीक्षण गर्ने, मापकीय साधनहरूको पृष्ठपोषण पश्चात् मात्र विश्वसनीय, वैधानिक र प्रामाणिक हुनसक्ने सत्यतथ्यहरू सार्वजनिक गरिन्छ । यी सबै कार्य गर्न निपूर्ण, दक्ष, साहसिक, परिश्रमी, इमान्दार साधकहरू मात्र सफल हुन्छन् । यसमा शोधार्थीहरूको क्षमता, साधना, मेहनत र लेखन शील्पताले मात्र सफलता प्राप्त गर्न सक्ने हुनाले त्यस्ता कर्मयोगी धैर्यशाली व्यक्ति मात्र प्राज्ञिक लेखन यात्रामा सफल हुन्छन । प्राज्ञिक लेखन कार्यमा मौलिक कलात्मक लेखन क्षमता चाहिन्छ । अरुको कृतिको भावहरण नहुने किसिमले विचारको संश्लेषण – विश्लेषण गर्नु अनिवार्य हुन्छ (विलियम, २००९: ३५) । यद्यपि पूर्वप्रकाशित कृतिहरूको पुनरावलोकन, सान्दर्भिक र समुचित उपयोग गर्न नसकिने पनि होइन तर त्यसमा विधि तथा प्रविधिको आधारभूत नियमको परिपालना गर्नैपर्छ । भावहरणको दोषबाट मुक्त भई लेखकका विचारहरूको समालोचनात्मक टिप्पणीहरू प्राज्ञिक लेखनमा उपयोग गर्न सकिन्छ । त्यसमा लेखक र कृतिहरूलाई यथास्थानमा कदर गर्दै सन्दर्भ स्रोतहरूको उपयुक्त संयोजन गर्नु नितान्त आवश्यक हुन जान्छ ।

**विज्ञ/ विशेषज्ञ समीक्षा**

प्राज्ञिक अन्वेषणात्मक कार्य विश्वविद्यालय, शिक्षालय, अनुसन्धान केन्द्रहरू लगायत सामुदायिक र निजी क्षेत्रबाट स्थापित सङ्घ संस्थाहरूबाट पनि परिचालन भइरहेका हुन्छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका संस्थागत निकायहरूद्वारा पनि समसामयिक विषयहरूमा प्राज्ञिक शोधकार्य अगाडि बढिरहेका अनेकौँ दृष्टान्तहरू छन् । लघु अनुसन्धान, शोधपत्र, शोधप्रबन्ध, प्रतिवेदन लेखन र राष्ट्रिय – अन्तर्राष्ट्रिय स्तरका प्रसिद्ध जर्नलहरूमा प्रकाशनार्थ रचना गरिएका लेख, रचना, आलेखहरू पनि प्राज्ञिक लेखनभित्रकै कृति संरचनाहरू हुन् (डुबिल, १९६९: ११९) । विगत ३५० वर्षदेखि नै प्राज्ञिक लेखनमा विज्ञ/विशेषज्ञहरूको समीक्षा प्रयोगमा आइरहेको प्रसङ्ग प्रा.डा ताराकान्त पाण्डेद्वारा नेपाल प्रज्ञा प्रतिष्ठानमा प्रस्तुत गरेको विचारमा सम्प्रेषण भएको थियो (नेपालनाम्चा.कम/२०६८ माघ २२) ।

**समीक्षात्मक प्रकृया**

प्रायः प्रत्येक शोधमूलक कार्यका निमित्त प्रस्तावना लेखनकै समयदेखि शोधविज्ञ/विशेषज्ञ तथा सुपरीवेक्षकहरूको परामर्श अनिवार्य ठानिन्दै आएको देखिन्छ । प्रस्तावना डिफेन्स, विभागीय स्तरीकरण, सेमिनार, पूर्वकार्यको पुनरावलोकन मूल्याङ्कन, शोधकार्यको आवधिक तथा अद्यावधिक स्वीकारोक्ति, आन्तरिक मूल्याङ्कन, प्रि भाइभा, वाह्यपरीक्षकको मूल्याङ्कन, परामर्श परिष्करणपश्चात् मुख्य भाइभाका चरणबद्ध मापकीय प्रमाणीकरणका प्रकृयाहरू सम्पन्न गरेपछि मात्र उपाधि प्राप्तिको लक्षित यात्राको समापन हुन्छ (मथुकुट्टी र पावर, २०१०: ७७) । त्यसमा पनि अन्तिम भाइभामा उठान भएका अधुरापन र अपूर्णताहरूलाई परिपूर्ति गरेर कडा गाताबन्दी गरी सम्बन्धित निकायमा विधिवत बुझबुझारथ गरेर शोधप्रकृया समापन गरिएको हुन्छ । यी सबै शृंखलाबद्ध तहहरू विज्ञ/विशेषज्ञ समीक्षाबाटै पारंगत हुँदै उक्त स्थितिमा प्रवेश गरिएको अवस्था हो ।

विज्ञ/विशेषज्ञ समीक्षा एकल (Single blind review), दोहोरो (Double blind review) र तेहरो गोप्य समीक्षा (Tripple blind review) का तोकिए बमोजिमका निश्चित मापदण्डका आधारहरूको उपयोग गरेर प्राज्ञिक लेखहरूको समालोचनात्मक कार्य निर्वाध, निर्विघ्न, निष्पक्षता र निर्भयतापूर्ण किसिमले सम्पन्न गरिन्छ । यी सबै चरणका विज्ञ/विशेषज्ञ समीक्षाका प्रकृयागत कार्यहरू अन्यन्त गोपनीयताका साथ पूरा गरिएका हुन्छन् (विलियम, १९९०: १५४) । किनकी मूल्याङ्कनकर्ता र शोधार्थीका बीच परिचय खुल्यो भने समीक्षात्मक कार्य निष्पक्षता र इमान्दारितापूर्वक सम्पन्न गर्न

वाधा – अड्चन उत्पन्न हुने सम्भावना रहन्छ । त्यसले गुणस्तरीयता, स्वीकार्यता र प्रकाशन योग्यता खलबलिन सक्छ (मोरो, १९८३: ३०२) । उक्त पक्ष आचरसंहिताभन्दा विपरीत पनि हुन्छ ।

शोधार्थीको दक्षता, सीप, कुशलता, मापन र प्राज्ञिक लेखनको प्रमाणीकरण (Verification) गर्न चुकियो भने ख्यातिप्राप्त लोकप्रिय जर्नलमा शोधार्थीका लेखहरू प्रकाशन योग्य ठहरिँदैनन् । प्रकाशनगृहले प्रकाशन योग्य नरहेको ठानेर अस्वीकार गर्ने र असहमति जनाउने वित्तिकै लेखक/शोधार्थी तथा विज्ञ समुदायको समीक्षात्मक मूल्याङ्कनमाथि प्रश्नचिन्ह खडा हुन्छ । यो परिस्थिति अस्वभाविक, अमर्यादित, अनुपयुक्त, पीडादायी, अकल्पनीय हुनका साथै प्राज्ञिकता प्रतिको अवमूल्यन भएको संवेगात्मक क्षणको आभास हुन्छ (विलियम, १९९०: १५५) । यो स्थिति भनेको ज्यादै अनपेक्षित सन्दर्भ हुन पुग्छ ।

**विज्ञ/विशेषज्ञ समीक्षाको आवश्यकता**

अनुसन्धेय शीर्षकको शोधकार्यको निष्कर्षणलाई प्रमाणीकरण गर्न, शुद्धता परीक्षण गर्न, प्रकाशनयोग्य तुल्याउन, गुणस्तरीयता मापन गर्न प्राज्ञिक लेखनमा विशेषज्ञसमीक्षा अनिवार्य शर्त मानिन्छ । २०१५ ई मा गरिएको एउटा सर्वेक्षणले ८२% शोधकर्ताहरूले विज्ञ समीक्षाविना वैज्ञानिक पद्धतिका आधारमा प्राज्ञिक लेखन कार्य सम्प्रेषित हुन र गुणस्तरीयता नियन्त्रण हुन नसक्ने राय दिएको पाइन्छ (नेपालनाम्चा.कम, २०७७ माघ २२) । प्राज्ञिक लेखनमा विज्ञसमीक्षाको अवधारणा अन्तर्राष्ट्रियस्तरमा पनि प्रचलित भएको उपयोगी प्रकृया हो । प्राज्ञिक आलेखको गुणवत्ताको परिशोधन तथा सम्वर्द्धन गर्न पनि यो प्रकृयाको अनिवार्यता रहन्छ । यसले प्राज्ञिक जगत/प्राज्ञिक सञ्जाल र प्राज्ञिक स्तरमाथिको सामुदायिक सम्बन्धलाई निरन्तरता दिन र गुणस्तर कायम गर्ने परिपाटीलाई सुरक्षित गर्न मद्दत पुर्‍याउँछ । यसको अर्थ राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका अनुसन्धानमूलक जर्नलहरूको उच्च स्तरीयता (high standard) प्रम्वर्द्धनको पनि रक्षा गर्दछ भने लेखकको प्रतिष्ठा माथि उकास्न योगदान समेत पुग्दछ (वल्फ र पन्त, २००३: १८९) ।

**विज्ञ समीक्षकको योग्यता**

प्राज्ञिक लेख/लेखन ज्ञानार्जनको व्यवस्थित र वैज्ञानिक विधि हो । यसले प्रतिपादित सिद्धान्तका आडमा सर्वस्वीकार्य उत्कृष्ट लेखन प्रकृयाको प्रम्वर्द्धन गर्दछ । यसले प्राज्ञिक स्तरलाई समृद्ध र सुदृढ तुल्याउँछ । प्राज्ञिक लेखन समीक्षाका खातिर विशेषज्ञहरूको योग्यता अपरिहार्य अङ्ग हो । रोष्टरमा समाविष्ट भएको विज्ञ जसले कृतिलेखन, अन्तर्राष्ट्रिय जर्नलमा आलेख प्रकाशन, विषयवस्तुलाई सकारात्मक ढङ्गले चीरफार गर्न सक्ने निपूर्णता, अनुभवि, कार्यकुशल, शोधविधि – पद्धतिका पछिल्ला विकसित प्रणालीहरूमा अद्यावधिक ज्ञान भएको व्यक्तिले मात्र यस्ता कार्यमा इमान्दारिताका साथ सक्षमतापूर्वक कार्य सम्पन्न गर्न सक्छ (शर्मा र लुईटेल, २०६८: २३) । त्यसैगरी विज्ञ/विशेषज्ञ समीक्षकहरूले प्राज्ञिक समालोचनात्मक कार्यका निमित्त आचारसंहिताको परिपालना गर्न सक्ने धैर्यशाली व्यक्तित्व हुनु पर्दछ । गोपनीयता भंग नगर्ने अनुशासित व्यक्ति समीक्षाका लागि उपयुक्त हुन सक्छन् । कहिलेकाहीँ प्राज्ञिक क्षेत्रका मुर्धन्य, चर्चित र प्रसिद्ध व्यक्तिको आलेखहरूमा पनि विज्ञसमीक्षकको अवसर जुट्न सक्छ । त्यस्तो अवस्थामा आफ्नो ज्ञानको पहुँचअनुरूप उत्कृष्ट समालोचना गर्न सक्नु पर्दछ ।

शोध नैतिकताका आचरणहरू शोधार्थीका लागि मात्र आकर्षित हुँदैनन् । विज्ञ समीक्षकका निमित्त पनि अनिवार्य शर्तहरू स्वीकारिएका छन् । आफ्नो विषय र ज्ञानसँग अमिल्दो प्राज्ञिक लेखलाई समीक्षा गर्ने दुस्साहस पनि गर्नु हुँदैन (निउरे, २०६९: ६१) । प्राज्ञिक आलेखका समग्र पक्षको विषय – शीर्षक चयन, चयनित शीर्षकसँग मेल खाने लेख सारसंक्षेप, मुख्य पद कुञ्जीगठन, विषयप्रवेश, परिचय, शोधविधि – पद्धति, सूचना स्रोत तथा सामग्रीहरूको वैद्यता, सङ्ग्रहित तथ्यांकहरूको सम्परीक्षण, मापकीय साधन, प्रमाणीकरण प्रकृया, विश्लेषण, प्राप्ति, छलफल, परिणाम तथा निष्कर्षण र सार्वजनिक प्रस्तुति लगायत परिशिष्ट खण्ड, सन्दर्भ सामग्रीहरूको विधिसम्मत संयोजन, अनुक्रमणिका, भाषाभाषिका, शुद्धता, घटकहरूको

तालमेल, वाक्य गठनको सङ्गतिपूर्ण तालमेल (ड्रेमर, १९५५: २११) प्रत्येक अनुच्छेदहरूको एक अर्कामा अन्योन्याश्रित सम्बन्ध, चयनित समस्याको समधानउन्मुख निष्कर्षण वा उपसंहार, सुझाव र परामर्शजस्ता सबै पक्षहरूको सङ्गठित शिलशिलेवर आदिको सुगठित र सङ्गतिपूर्ण मेलमिलाप तथा सुदृढीकरणलाई असाध्यै सावधानिका साथ पर्गेल्न सक्नु नै प्राज्ञिक लेखन विज्ञ समीक्षाको प्रयोजनीय पक्ष मानिन्छ। समीक्षकलाई प्रदान गरेको चेकलिष्ट दुई किसिमका हुन्छन्। सामान्य र विशिष्ट। तिनीहरूमा केन्द्रित भएर मापदण्डअनुरूप शीर्षकदेखि मूलखण्ड हुँदै सन्दर्भग्रन्थसम्मका प्रयोग पक्षहरूको संयोजन, सुगठन र गुणस्तरीयताको लिपिबद्ध मूल्याङ्कन सम्पन्न गर्न सक्ने सक्षमता विज्ञसमीक्षकमा सुरक्षित हुनु पर्दछ।

**एकीकृत स्वरूप**

Fortanet (2008) / Fortanet-Gomez (2008) ले प्राज्ञिक आलेखहरूलाई व्यवस्थित किसिमले विज्ञसमीक्षा गर्दा ध्यान पुर्‍याउन चारखण्डे समीक्षा प्रतिवेदन ढाँचा तर्जुमा गरेका थिए। ती यसप्रकार छन् (नेपालनाम्चा.कम)

सङ्कथन—१. प्रकाशन उपयुक्तता – सारांशीकृत निर्णय।

सङ्कथन—२. प्राज्ञिक आलेखको संरचनात्मक बनावट/साङ्गठनिक स्वरूप।

सङ्कथन—३. समीक्षात्मक टिप्पणीका खास – खास बुँदाहरू।

सङ्कथन—४. उपसंहार र परामर्श।

एकीकृत समीक्षा कार्यका निमित्त यी सङ्कथनहरूको व्यवहारिक प्रयोग पक्षद्वारा महत्वपूर्ण सहयोग प्राप्त हुने देखिन्छ।

माथि उल्लिखित चरणहरूको शिलशिलेवर समीक्षात्मक प्रतिवेदनद्वारा प्राज्ञिक आलेखको समग्र पक्षमाथि पुनरावलोकन गर्न सकिन्छ। कतिपय प्रसङ्गमा समीक्षाको सरल र एकीकृत पद्धतिगत ढाँचा नभएको अवस्थामा कठिनाइ उत्पन्न हुने गरेको पनि पाइन्छ। हामीले भोगेका अनुभव र व्यवहारिक रूपमा देखिएका समस्याहरूलाई समान र एकीकृत ढाँचा तयार गर्नसके छरपस्ट छरिछराउको स्थितिमा नियन्त्रण हुन सघाउ पुग्दछ। विज्ञ/विशेषज्ञ समीक्षाका लागि शीर्षकको सरलीकृत स्वरूप, अध्ययन लेखसारको संश्लेषित रूपरेखा, मुख्य पदहरूको प्रासंगिक प्रयोग, सामान्य परिचय/विषय प्रवेशखण्डमा संयोजन हुने उत्सुकता र कौतुहलता जगाउने तथ्यहरूको प्रक्षेपण, समग्र आलेखको समस्या उठान र निष्कर्ष वैठानको सवल, रोचक, कलात्मक र विशिष्ट लेखनको मापकीयता यसमा मूल्याङ्कन गरिएको हुनु पर्दछ।

**उपसंहार**

प्राज्ञिक आलेखमा प्रयुक्त शोधविधि र प्रविधिहरूको उपयोग, सूचना सङ्कलन, सामग्रीहरूको विश्लेषण प्रमाणीकरण, सत्यापन मापन, तुलनात्मक सम्परीक्षण, प्राप्ति, परिणाम, निष्कर्षलाई प्रयुक्त रणनैतिक प्रकृयाले सघाएको वा अधुरै समापन भएको पक्षलाई समग्र चिरफार प्रकृयाद्वारा गरिएको मूल्याङ्कनलाई नै समीक्षा भनिन्छ। परिणामहरूको समालोचनात्मक छलफल र वहसले प्राप्तिलाई पनि मूल्याङ्कन गरिरहेको हुन्छ। सैद्धान्तिक तथा अवधारणात्मक ढाँचाअनुरूप परिणाम प्रस्तुतीकरण हुने/नहुने पक्षको यथार्थता यसमा झल्किनु पर्दछ। हामीले व्यवहारिक रूपमा भोगेका समस्याहरू विविधतापूर्ण छन्। शीर्षकदेखि सन्दर्भसूचीसम्मका संरचनात्मक स्वरूप र घटकहरूमा क्रमभंगता भेटिनसक्छ। रहनुपर्ने अटुट सम्बन्ध टुटेको अवस्था हुन्छ र अन्योन्याश्रित सम्बन्धमा तालमेल मिलेको हुँदैन। यस्तो स्थितिमा शोधकर्तालाई उपयुक्त परामर्श प्रदान गरेर आलेखको गुणस्तर सुधारमा टेवा पुर्‍याउनु समीक्षाको मूल ध्येय पनि हो। सामग्री विश्लेषणका साथै निष्कर्ष खण्डलाई पनि वैद्यतापूर्ण, विश्वसनीय र सामान्यीकरणका पक्षमा अपुग भएका सन्दर्भहरूलाई थप गराई परिष्कार गर्न सुझाव दिनु पर्दछ। त्यसैगरी उदाहरण, कृतिगत सूचना, तालिका, चित्रहरू र सन्दर्भ सूचीहरूको संयोजन समुचित भए नभएको र औचित्य पुष्टिको

पक्षलाई केलाउन सकेको खण्डमा कमीकमजोरीहरू हटेर जाने मार्ग प्रशस्त हुन्छ । भाषा, प्रस्तुती र समग्र संरचनागत सुगठनलाई पनि मूल्याङ्कन गरिनु उपयुक्त हुन्छ । मौलिकता, ज्ञानको पुनरउत्पादन, पृष्ठपोषण र पुष्टीकरणका सन्दर्भहरूलाई विज्ञसमीक्षाद्वारा परिष्कार गर्न गराउन पनि सघाउने हुनाले लेखक र प्रकाशन गृह लगायत प्रसिद्ध शोधमूलक जर्नलको लोकप्रियता बढाउन विज्ञ/विशेषज्ञ समीक्षा प्रणालीले महत्वपूर्ण योगदान पुर्‍याउने सन्दर्भमा प्राज्ञिक मञ्चहरूमा मतैक्यता देखिन्छ ।

## सन्दर्भग्रन्थसूची


अ) प्राथमिक स्रोत/अन्तर्वार्ता

गौतम, बद्रीनारायणसँग २०७८ साल भाद्र १० गते निज निवास कीर्तिपुरमा लिएको अन्तर्वार्ताअनुसार । प्रा.डा. गौतम इतिहास केन्द्रीय विभागमा कार्यरत, लेखक, अनुसन्धाता एवं नेपालको प्रजातान्त्रिक आन्दोलनका ज्ञाता हुनुहुन्छ ।

पाण्डे, ताराकान्तसँग २०७७ साल माघ २२ गते नेपाल प्रज्ञाप्रतिष्ठान कमलादीमा गरेको छलफलअनुसार । प्रा.डा. पाण्डे नेपाली साहित्यिक विधामा कलम चलाउने प्रसिद्ध लेखक तथा अन्वेषक हुनुहुन्छ ।

पोखरेल, शोभासँग २०७८ आश्विन १५ गते पाटनसंयुक्त क्याम्पसमा लिएको अन्तर्वार्ताअनुसार । प्रा.डा. पोखरेल त्रि.वि.का अवकाश प्राप्त प्राध्यापक, त्रि.वि. पुनरावेदन आयोगका पूर्वसदस्य हुनुहुन्छ । उहाँ इतिहास लगायत नेपाली साहित्यिक फाँटका अनुरागी, लेखक एवं अनुसन्धाता हुनुहुन्छ ।

शर्मा (ढकाल), विमलकुमारसँग २०७८ भद्र १६ गते आर.आर. क्याम्पसमा लिएको अन्तर्वार्ताअनुसार । डा. शर्मा (ढकाल) त्रि.वि.का अवकाश प्राप्त प्राध्यापक हुनुहुन्छ । उहाँ सेवा निवृत्त जेष्ठ प्राध्यापक सङ्घका अध्यक्ष, लु.नि.प.का पूर्वसदस्यसचिव, नेपाल इतिहास सङ्घका पूर्व महासचिव, लेखक तथा अन्वेषक हुनुहुन्छ ।

सुवेदी, राजारामसँग २०७७ साल आश्विन २० गते कीर्तिपुरमा गरिएको छलफलअनुसार । प्रा.डा. त्रि.वि.का अवकाश प्राप्त प्राध्यापक हुनुहुन्छ । उहाँ प्रसिद्ध इतिहासकार, लेखक एवं अनुसन्धाता हुनुहुन्छ ।

आ) सहायक स्रोत

इसाक, एस्., (सन् १९७८), *ह्याण्डबुक इन रिसर्च एण्ड इभ्याल्युयसन*, क्यालिफोर्निया: रोवर्ट आर न्याप पब्लिसर्स ।

कुपरम, जि.र कुमुदामिनी, के., (सन् २००२), *मेथड्स अफ हिस्टोरिकल रिसर्च*, न्युदेल्ही: सन्दीप प्रकाशन ।

कुमार, आर., (सन् २००५), *रिसर्च मेथोडोलोजी*, न्यू दिल्ली: डोरलिङ किन्डोर्स्ले ।

केर्लिङ्गर, एफ.एल., (सन् १९९५), *विहेभियरल रिसर्च: अ कन्सेप्ट्युअल अप्रोच*, न्यूयोर्क: रेन्हर्ट एण्ड विन्स्टन् ।

कौल, एल., (सन् १९८४), *मेथोडोलेजी अफ इडुकेशनल रिसर्च*, न्यूदिल्ली: विकास पब्लिसिङ्ग हाउस ।

डुविन, आ., (सन् १९६९), *थ्यौरी बिल्डिङ्ग*, न्यूयोर्क: फ्रि प्रेस ।

ड्रेभर, जेम्स, (सन् १९५५), *एकेडेमिक रिसर्च प्रोसिड्योर*, न्यूयोर्क: म्याकमिलन कम्पनी ।

निउरे, धुरवप्रसाद, (वि.सं. २०६९), *अनुसन्धान पद्धति* Research Methodology, दोस्रो संस्करण, कीर्तिपुर: क्वेष्ट पब्लिकेसन् ।

पाण्डे, ताराकान्त, (वि.सं. २०७७ माघ २७), “प्राज्ञिक लेख: विज्ञ समीक्षाको प्रयोग” , *नेपालनाम्चा.कम*, अनलाइन लेख ७०४/काठमाडौँ ।

प्लाट्रिज, वि. र स्टारफिल्ड, एस., (सन् २००७), *थेसिस एण्ड डिजर्टेशन राइटिङ्ग इन अ सेकेण्ड ल्याङग्वेज: अ ह्याण्डबुक फर सुपरभाइजर*, लण्डन: राउटलेज ।

बेली, एस., (सन् २००६), *अ हैण्डबुक फर इन्टरनेशनल स्टुडेन्ट*, न्यूयोर्क: राउटलेज् ।

बेस्ट, जे. डब्ल्यु. र कान, जे.भी. (सन् १९९३), *रिसर्च इन इडुकेसन*, (सातौँ संस्करण) न्यूदेल्ही: प्रेन्टिस हल अफ इन्डिया ।

भान डेलन, डि.वि. र मेयर, डब्ल्यू जे., (सन् १९६६), *अन्डरस्टेण्डिङ्ग इडुकेशनल रिसर्च*, न्यूयोर्क: एमसी ग्राउ हिल बुक कं. ।

मथुकुट्टी, एम.एम. र पावर, वि.एस., (सन् २०१०), *एकेडेमिक राइटिङ्ग: अ गाइड फर मेनेजमेन्ट स्टुडेन्ड एण्ड रिसर्चस्*, न्युदिल्ली: रेस्पोन्स बुक्स।

मोरी, एन., (इ.सं. १९८३), *हाउ टु डु रिसर्च ?*, लण्डन: द लाइब्रेरी एसोसियसन।

योङ्ग, पि.भि. (सन् २००९), *साइन्टिफिक सोसल सर्भे अन रिसर्च*, पाँचौ संस्करण, न्यूयोर्क: रेन्टिस हल।

वल्फ, एच. के. र पन्त, पि. आर., (सन् २००३), *अ ह्याण्डबुक फर सोसल साइन्स रिसर्च एण्ड थेसिस राइटिङ्ग*, तेस्रो संस्करण, काठमाडौँ: बुद्ध एकाडेमिक पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स।

विलियम, के., (सन् २००९), *रेफरेन्सिङ एण्ड अण्डरस्टैण्डिङ्ग प्लेजियारिज्म्*, पलग्रेभ: म्याकमिलन।

विलियम, जे.एन., (सन् १९९०), *स्टाइल: टुवार्ड्स, क्लारिटी एण्ड ग्रेस*, शिकागो: द युनिभर्सिटी अफ सिकागो प्रेस।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, (वि.सं. २०६८), *शोधविधि*, पाँचौँ संस्करण, ललितपुर: साझा प्रकाशन।

https://www.sydney.edu.au/students/writing/types.of.academicwriting.html